जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.वि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २९४ २०७९ साल असार २१ गते मंगलबार (5 July 2022 Tuesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

बचत गर्दा ध्यान दिऔं।

सहकारी लगायत वित्तीय संस्थामा रकम जम्मा गर्दै हुनुहुन्छ?

हो भने,

त्यस्ता संस्थाको वित्तीय विश्वसनियताको परीक्षण गर्न नबिर्सौं। अधिक लाभको लोभमा नफसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : बैंकमा पैसा राख्नेमा.. ३ पृष्ठमा : चीनद्वारा क्यानडालाई हडकडको... ४ पृष्ठमा : प्रथम महेन्द्र नारायण निधी कप...

## मिटर ब्याजको चपेटमा क्षेत्री दम्पत्ति



**दैनिक समाचारदाता**
**राजविराज, २० असार ।**
मिटर ब्याजको चपेटमा परेका एक दम्पत्तिले सोमवार राजविराजमा न्यायका लागी पहल गरिदिन आग्रह गरेका छन् ।

ती दम्पतीले सोमवार पत्रकार महासंघ सप्तरीको सभाकक्षमा पत्रकार सम्मेलनको आयोजना गरी सो आग्रह गरेका हुन् ।

राजविराज ७ का साहुकार प्रभु साहको ऋणको फन्दामा सर्वस्व गुमाउन लागेका राजविराज ६ निवासी ओमप्रकाश क्षेत्री र उनकी पत्नी सीता न्यायका लागी संचारकर्मीसँग आग्रह गरे ।

आफुहरुले लिएको ऋण तेब्बर ब्याजसहित चुक्ता गर्दा समेत ऋण लिदा गरिएको कागज फिर्ता नगरिएको र बस्दै आएको एउटा मात्र घर पनि खाली गर्न साहले दवाव दिदै आएको उनीहरुको भनाई छ ।

क्षेत्री दम्पतीले आफुहरु छोरीको विवाहका लागी साहबाट १० वर्ष अघि पटक पटक गरी २ लाख ५० हजार रुपैया ऋण लिए पनि तेब्बरको कागज बनाएर फसाएको गुनासो समेत गरे । आफुले लिएको भन्दा धैरै रकम चुक्ता गरिसके पनि अहिले १७ लाख ३८ हजार ५ सय १७ रुपैया थप रकम नदिए सम्म कागज फिर्ता न गर्ने साहले अडान लिएको ओमप्रकाशले सुनाए ।

यसबारे टोलमा वसेको पंचायतीले साह परिवारलाई राखी ९ लाख ५० हजार थप दिए कागज फिर्ता गरिदिने सहमती भए पनि सो रकमको व्यवस्था गरी कागज फिर्ता लिन जाँदा साह परिवारले दिन नमानेको र उल्टै गाली बेईजती गरी फर्काइ दिएको सीताले रुदै सुनाइन ।

क्षेत्री दम्पतीले न्यायका लागी जिल्ला प्रशासन कार्यालय सप्तरीमा ३ दिन अघि निवेदन पनि दिएका छन् । जिल्ला प्रशासन कार्यालयले सोही दिन सक्कलै निवेदनसहित राजविराज नगरपालिकाको न्यायिक समितीलाई पत्राचार गरी उक्त विषयमा आवश्यक पहल गर्न अनुरोध गरेको पीडित क्षेत्री दम्पती बताउँछन ।

यसैबीच सोमबार नै ओमप्रकाशको उजुरी उपर सक्रियता देखाउँदै प्रहरीले प्रभु साहलाई झिकाएर आवश्यक सोधपुछ गरेको छ । पीडित ओमप्रकाशका अनुसार छलफलमा प्रहरी उपरिक्षक अविनारायण काफ्लेले दुई दिनभित्र उक्त समस्याको समाधान गर्न साहलाई सचेत गराएका छन् ।

## मन्त्रिपरिषद् पुनर्गठन, जसपाबाट तीन मन्त्री थपिए

**दैनिक समाचारदाता**
**राजविराज, २० असार ।**
सोमबार मन्त्रिपरिषद् पुनर्गठन भएको छ । प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिशमा राष्ट्रपति विद्यादेवी भण्डारीले नेपालको संविधानको धारा ७६ को उपधारा (९) तथा धारा ७८ को उपधारा (१) बमोजिम मौजुदा मन्त्रिपरिषद्मा पुनर्गठन गरेका हुन् ।

पुनर्गठनसँगै कृषि, तथा पशुपक्षी विकास मन्त्रीमा मृगेन्द्रकुमार सिंह यादव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रीमा मोहम्मद इश्तियाक राई र वन तथा वातावरण मन्त्रीमा प्रदीप यादव नियुक्त भएका छन् ।

जनता समाजवादी पार्टी (जसपा) नेपालले यसअघिका मन्त्रीलाई फिर्ता बोलाएर उनीहरुलाई सरकारमा पठाएको हो ।

यसअघि जसपाबाट कृषि तथा पशुपक्षी मन्त्रीमा महिन्द्रराय यादव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रीमा रेनुकुमारी यादव र वन तथा वातावरण मन्त्रीमा रामसहाय प्रसाद यादव थिए ।

## ओमिक्रोन भेरियन्टको नयाँ प्रजाति फेला

काठमाडौँ, २० असार (रासस) ।
नेपालमा पहिलो पटक कोरोना भाइरसको ओमिक्रोन भेरियन्टको नयाँ प्रजातिको फेला परेको छ ।

काभ्रेपलाञ्चोकस्थित धुलिखेल अस्पतालको प्रयोगशाला गरिएको अणुवाङ्शिक (जीन सिक्वेन्सिङ) अध्ययनमा ओमिक्रोन भेरियन्टको नयाँ प्रजाति फेला परेको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा चुमनलाल दासले जानकारी दिनुभयो ।

उहाँका अनुसार देखिएको सङ्क्रमणमा ओमिक्रोन भेरियन्टको नयाँ प्रजाति (BA5Ú) हो । निर्देशक दासले नयाँ प्रजातिको भेरियन्टबारे अध्ययन गरिरहेको बताउनुभयो ।

*बाँकी दुई पृष्ठमा*

**गर्मी महिनामा संक्रामक रोगबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

- गर्मी महिनामा मलेरिया, डैंगु, कालाजार, झाडापखाला सहितका संक्रामक रोगहरु फैलिन सक्ने सम्भावना हुन सक्दछन् ।
- रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिबाट जोगिऔं ।
- सडेगलेका तथा बासी खाना नखाऔं ।
- घरवरिपरी तथा व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।

**मधेश प्रदेश सरकार**
**आम सञ्चार प्राधिकरण**
**जनकपुरधाम**

## रासायनिक मल अभावबारे सरकारको ध्यानाकर्षण

काठमाडौँ, २० असार (रासस) ।
सङ्घीय संसद्, राष्ट्रियसभाका सांसदहरुले रासायनिक मलको अभावबारे किसानले भोग्दै आएका समस्या सम्बन्धमा सरकारको ध्यानाकर्षण गराएका छन् ।

सभाको सोमबारको बैठकको विशेष समयमा सांसद अनिता देवकोटाले असारे बजेट सक्न अव्यवस्थित ढङ्गबाट खर्च गरिएको भन्दै आपत्ति जनाउनुभयो ।

उहाँले भन्नुभयो, "बजेट फ्रिज हुने बहानामा योजनामा असारमा मात्रै खर्च गर्ने जुन परिपाटी छ, त्यसले विकासको गतिलाई तीव्रता दिन सक्दैन, विकास दिगो हुन सक्दैन, आगामी वर्षमा बजेट फ्रिज हुनेबारे अब अहिलेदेखि नै सोच्नुपर्छ ।" किसानका लागि अभाव भएको मलको व्यवस्थापन गर्नुपर्ने उहाँको माग छ ।

सांसद भैरवसुन्दर श्रेष्ठले रासायनिक मलको अभावका कारण किसान चिन्तामा रहेको बताउँदै जतिसक्दो चाँडो मल व्यवस्थापनमा लाग्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

जन ज्योती कृषि सहकारी संस्था लि.
स्था.-२०६८
मलेठ, सप्तरी

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रोत्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध बनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

# बित्तिय संस्थाहरुले एटिएमप्रति ध्यान पुऱ्याओस्

अहिलेको युगमा वित्तिय संस्थाहरुले निकै फड्को मारेको छ । जनताले कमाएको धन बैंकमा सुरक्षित रहने उद्देश्यले त्यहा जम्मा गरिन्छ । विश्वासिलो र भरपर्दो माध्यम बैंक रहेकोले जनताहरुले बिना हिचकिचाहट रकम जम्मा गर्ने गरेका छन् । तर, आफूले जम्मा गरेको रकम निकाल्न बैंकहरुले नियम भने कडा राखेको छ । एक पटक एक लाखभन्दा बढी रकम भिक्न जाँदा बैंकको केही नियमहरुको पालना गर्नु पर्ने आवश्यक रहेको छ ।

यस्तै कारणहरुले गर्दा ग्राहकहरुले अहिले पैसा निकाल्न एटिएम कार्डको बढी प्रयोग गरेको पाइन्छ । एटिएमबाट रकम निकाल्न बैंकले दिएको कोड प्रयोग गरेर सजिलै निकाल्न सकिन्छ । यता हाल जिल्लामा संचालन एक दर्जन भन्दा बढी बैंकहरुले ग्राहकलाई सेवा दिन सूचारु गरेको एटिएम सेवा प्राय काम नलाग्ने अवस्थामा बन्द नै रहने गरेको छ । सेवाग्रीहीहरुलाई २४ औं घण्टा सेवा प्रदान गर्ने उद्देश्यका साथ बैंकहरुले एटिएम सेवा संचालन गरेपनि दिनहुँ एटिएम सेवा अवरुद्ध रहने गरेको छ ।

जिल्लामा संचालनमा रहेका राष्ट्रिय वाणिज्य बैंक, माछापुच्छ्रे, एभरेष्ट, ग्लोबल, सेन्चुरी, सनराइज बैंक लगायतले एटिएम सेवा संचालनमा ल्याएपनि अधिकांश बैंकका एटिएम सेवा हप्तौं दिनसम्म अवरुद्ध नै हुने गरेको छ । अति आवश्यक परेको समयमा सजिलै तरीकाबाट पैसा भिक्नका लागि एटिएम सेवा संचालनमा ल्याएपनि सेवाग्राहीहरुलाई समस्या परेको समयमा नै यहाँका बैंकहरुले संचालनमा ल्याएका सो सेवा अवरुद्ध हुने गरेको छ । तसर्थ सेवाग्राहीहरुको सजिलोका लागि २४ औं घण्टा दिदै आएको एटिएम सेवालाई नियमित रुपमा संचालन गर्नुपर्ने तर्फ सम्बन्धित बैंकहरुले ध्यान दिनुपर्ने आवश्यकता रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

# बैंकमा पैसा राख्नेमा कुन जिल्लाका नागरिक अघि ?

**रमेश लम्साल**
काठमाडौं, २० असार (रासस) ।

बैंक तथा वित्तीय संस्थामा सबैभन्दा कम निक्षेप राख्ने जिल्लाका रुपमा रुकुमपूर्व देखिएको छ । आर्थिक विकासमा पछाडि परेको कान्छो जिल्लाका रुपमा रहेको सो जिल्लाको कूल निक्षेप ०.२३ प्रतिशत मात्रै रहेको छ ।

नेपाल राष्ट्र बैंकले हालै सार्वजनिक गरेको चालु आर्थिक वर्षको लुम्बिनी प्रदेशको आर्थिक विवरणअनुसार सो जिल्लाका नागरिकले मात्रै रु ९३ करोड ७३ लाख बराबरको रकम मात्रै बैंक तथा वित्तीय संस्थामा निक्षेपका रुपमा राखेको पाइएको छ ।

केन्द्रीय बैंकले सातवटै प्रदेशको आर्थिक अवस्थाका बारेमा नियमित विवरण सार्वजनिक गर्दै आएको छ । सोही क्रममा पछिल्लो पटक लुम्बिनी प्रदेशको विवरणसमेत प्रकाशित गरेको छ ।

बैंकका अनुसार बैंक तथा वित्तीय संस्थाले सङ्कलन गरेको कूल निक्षेप गत वर्षको तुलनामा न्यूनरुपमा मात्रै वृद्धि भएको छ । कूल रु चार खर्ब दुई अर्ब ८३ करोड ७६ लाख बराबरको निक्षेप सो प्रदेशभित्र रहेको पाइएको छ । विसं २०७८ असारको तुलनामा ९ प्रतिशतले निक्षेप बढेको छ ।

रुपन्देहीको हिस्सा सबैभन्दा बढी रहेको पाइएको छ । केन्द्रीय बैंकको विवरणअनुसार कूल ४४.४८ प्रतिशत बराबरको हिस्सा सो जिल्लाको छ ।

बुटवल, भैरहवालगायतका क्षेत्रमा औद्योगिक विकास भएको, गौतमबुद्ध विमानस्थलसमेत सञ्चालनमा आएको, उद्योग व्यवसाय विस्तार भएकाले सो जिल्लाका नागरिकको कमाई पनि बढ्दो छ । सोही कारणले गर्दा त्यस जिल्लाका नागरिकले बैंक तथा वित्तीय संस्थामा बढीमात्रामा निक्षेप जम्मा गरेका छन् ।

विवरणअनुसार सो जिल्लाका नागरिकले रु एक खर्ब ७९ अर्ब १८ करोड सात लाख ८० हजार बराबरको निक्षेप बैंक तथा वित्तीय संस्थामा राखेका छन् । बाँके जिल्लाको १२.२७ प्रतिशत बराबरको हिस्सा रहेको छ । त्यो भनेको कूल रु ४९ अर्ब ४१ करोड ४५ लाख २० हजार बराबर हो । दाङ जिल्ला आर्थिकरुपमा विकासको गतिमा अगाडि बढेको भए पनि त्यहाँका नागरिकले बैंक तथा वित्तीय संस्थामा राखेको निक्षेप भने कमै देखिएको छ । केन्द्रीय बैंकको विवरणअनुसार सो जिल्लाको हिस्सा मात्रै १०.८१ प्रतिशत बराबर छ । त्यो भनेको कूल रु ४३ अर्ब ५३ करोड ११ लाख ८० हजार बराबर रहेको छ ।

केन्द्रीय बैंकको विवरणअनुसार कपिलवस्तुको हिस्सा ६.३२ प्रतिशत रहेको छ । सो जिल्लाका नागरिकले रु २५ अर्ब ४४ करोड ३० लाख ४० हजार बराबरको निक्षेप बैंक तथा वित्तीय संस्थामा राखेका छन् । लुम्बिनी प्रदेशको पाल्पाको हिस्सा ५.७३ प्रतिशत मात्रै छ । त्यो भनेको कूल रु २३ अर्ब आठ करोड ९१ लाख ५० हजार बराबरको निक्षेप पाल्पावासीले बैंक तथा वित्तीय संस्थामा राखेका छन् ।

नवलपरासी पश्चिमको हिस्सा ५.५० प्रतिशत अर्थात् रु २२ अर्ब १३ करोड ८० लाख ४० हजार बराबरको रकम निक्षेपका रुपमा बैंक तथा वित्तीय संस्थामा राखेका छन् ।

यसैगरी गुल्मीको हिस्सा ५.२९ प्रतिशत रहेको छ । त्यस जिल्लाका नागरिकले बैंक तथा वित्तीय संस्थामा रु २१ अर्ब ३० करोड ७९ लाख १० हजार बराबरको रकम निक्षेपका रुपमा राखेका छन् ।

कम निक्षेप राख्ने जिल्लामा क्रमशः अर्घाखाँची, बर्दिया, प्यूठान र रोल्पा रहेको केन्द्रीय बैंकको अध्ययनले देखाएको छ । अर्घाखाँचीको हिस्सा रु १२ अर्ब ५४ करोड ८६ लाख ३० हजार अर्थात् ३.१२ प्रतिशत बराबरको निक्षेप राखेका छन् । बर्दियाको रु १२ अर्ब ८७ करोड ७४ लाख ७९ हजार अर्थात् ३.२० प्रतिशत बराबर रकम मात्रै निक्षेपका रुपमा बैंक तथा वित्तीय संस्थामा जम्मा गरेका छन् ।

प्यूठानको रु सात अर्ब ७६ करोड ६६ लाख ३० हजार अर्थात् १.९३ प्रतिशत, रोल्पाको रु चार अर्ब ६० करोड ५६ लाख ७० हजार अर्थात् १.१४ प्रतिशत बराबरको रकम मात्रै निक्षेपका रुपमा बैंक तथा वित्तीय संस्थामा राखेका छन् । ऋण लिनेमा पनि रुपन्देहीका नागरिक नै अग्रस्थानमा छन् । सो जिल्लामा मात्रै प्रदेशको कूल १२ जिल्लामध्ये सबैभन्दा बढी ऋण लिएको पाइएको छ । केन्द्रीय बैंकको अध्ययनअनुसार सो जिल्लामा मात्रै ५०.१० प्रतिशत बराबरको ऋण लगानी भएको छ । सो जिल्लामा रु दुई खर्ब ६९ अर्ब १४ करोड १२ लाख १० हजार बराबरको ऋण लगानी भएको छ ।

दाङमा रु ६४ अर्ब २१ करोड ७९ लाख ७० हजार, बाँकेमा रु ८९ अर्ब ८२ करोड तीन लाख ७० हजार, बर्दियामा रु १६ अर्ब ४६ करोड ४३ लाख ३० हजार बराबरको ऋण लगानी भएको छ ।

निक्षेपसमेत कम राखेको रुकुमपूर्वमा बैंक तथा वित्तीय संस्थाको लगानी रु ६८ करोड ९० लाख सात हजार बराबर गरेका छन् । प्रदेशगतरुपमा हेर्दा बैंक तथा वित्तीय संस्थाले ०.१३ प्रतिशत बराबरको रकम मात्रै ऋणका रुपमा लगानी गरेको पाइएको छ ।

प्रदेशभर नै रु चार खर्ब दुई अर्ब ८३ करोड ७६ लाख बराबरको निक्षेप उठाएका बैंक तथा वित्तीय संस्थाले रु पाँच खर्ब ३७ अर्ब १९ करोड १४ लाख ९० हजार बराबरको ऋण लगानी गरेका छन् ।

## ओमिक्रोन...

"हामीलाई पनि आइतबार धुलिखेल अस्पतालबाट ओमिक्रोनको नयाँ प्रजातिका बारेमा जानकारी प्राप्त भएको छ", उहाँले भन्नुभयो, "कुन बिरामीमा ओमिक्रोनको नयाँ प्रजाति भेटिएको भन्नेबारमा हामीले अध्ययन गरिरहेका छौं ।"

नेपालमा यसभन्दाअघि ओमिक्रोनको BA2 प्रजातिको भेरियन्ट भेटिएको थियो । महाशाखाले पनि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा सङ्क्रमित बिरामीको नमूनाको जीन सिक्वेन्सिङ अध्ययन गरिरहेको छ ।

निर्देशक डा दासले एक/दुई दिनमा काठमाडौंमा गरिएको जीन सिक्वेन्सिङबारे थाहा हुने बताउनुभयो । नेपालका केही दिनदेखियता यसको सङ्क्रमण दर बढिरहेको छ ।

नेपाल सरकार
कृषि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि सुधार तथा मालपोत कार्यालय, राजविराज**

मिति :- २०७९/१/१६

**३५ दिने हकदाबी सम्बन्धी सार्वजनिक सूचना**

**भुली देवी चौधरी** दर्ता रहेको साविक ......... मौजा रै.नं.......... हाल तपसिल बमोजिम नापी भएको जग्गा **मेरो नाममा नामसारी** गरी प्रमाण पुर्जा पाउँ भन्ने गा.वि.स./न.पा. **खोजपुर** वार्ड नं. ६ हाल **खडक न.पा. वडा नं. ५** बस्ने **श्री तारणी प्रसाद चौधरी**को द.नं. ८६४२ मिति २०७८/०१/१५ मा निवेदन परी **३५** दिने सार्वजनिक सूचना प्रकाशित गर्ने मिति २०७९/१/१५ मा आदेश भए अनुरुप यो **३५** दिने सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा जग्गा दर्ता/नामसारी/नाम थर वतन संशोधन गर्दा कसैको हक जाने छ भने सूचना प्रकाशित भएको मितिले **३५** दिन भित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्याद भित्र कसैको दाबीउजुरी पर्न नआएमा निवेदकको माँग दाबी बमोजिम **नामसारी** गर्ने तर्फ कानून बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुर दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| गा.वि.स./न.पा. | वार्ड नं. | कि.नं. | क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|
| खोजपुर | ६ क | ३०१ | ०-२-११/२ | | |

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. कालीप्रसाद यादव**
**Dr. Kali Prasad Yadav**
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईराइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# VACANCY ANNOUNCEMENT

**(Date of Job Publication: July 5, 2022)**

Save the Saptari (StS), a non-profitable social development & humanitarian organization of Nepal is announcing a vacancy for the "SAMUNNATI" program funded by Save the Children in Saptari District. Save the Saptari invites applications from the interested and eligible who are reliable, accountable, have the ability to deliver results with the highest level of integrity and who value diversity for the following position.

Position: Enterprise Development Facilitator (EDF) – 1
Position Status: Full-time, Regular
Duty Station:Save the Saptari and assigned area
**Reports to:** Field Officer-Child Poverty-Save the Saptari of the Samunnati Program

**Job Responsibilities:**

- Make community consultation and find out the potentialities of job opportunities.
- Develop a business plan and Support trained Micro Enterprises (ME) for starting a business in local areas or market
- Establish and create the environment for successfully run a new resource-based enterprises
- Organize and provide of Start and Improve Your Business (SIYB) Training or Micro Enterprise Development Training
- Assist entrepreneurs to access micro credits in coordination with local level Micro Financial Institutions (MFIs).
- Provide regular counseling and support to entrepreneurs, farmers and graduate VTs
- Facilitate for Business to Business (Linkages) linkages of MEs
- Regular update the income tracking of exiting MEs
- Provide entrepreneurship development training to the selected participants.
- Facilitate to conduct skill development training to the participants on selected business/trade.
- Facilitate to provide appropriate technology to the entrepreneurs.
- Provide regular counseling and support to entrepreneurs in different aspects.
- Lead Capacity Building Initiatives aimed at effective participation of FGs in local planning and budget allocation process.
- Facilitate FGs to ensure their timely access to government's rehabilitation package.

**Requirements:**

- Candidate should complete level 2 or 3 skill test from National Skill Testing Board (NSTB) or 15-month certified Entrepreneurship Development Facilitator (EDF) from CTEVT
- Minimum two years of working experience in entrepreneurship development with MED (Micro Enterprise Development) model in socially excluded community.
- Have knowledge and experience on on-farm and off-farm enterprise development
- Knowledge on project activities implementation, monitoring, reporting and documentation skills
- Previous experience of community mobilization will be added advantage
- Basic computer skills (MS word, Excel, Powerpoint) is must
- Able to work independently under the pressure of the deadline
- Good Communication and facilitation skills on Nepali and Maithili.
- Knowledge of local context, culture and language will be an asset.
- Ability to prepare reports and documents in English and Nepali and perform communication with visitors in good manner.
- People having two wheeler driving license will be added advantage

**Assignment:** 25% Office based works including information updates, reporting and database management and 75% Field based work including assurance of program quality as per basis of set standards and field visit & supervision (may modify as upon program requirement).

Position: Health Supervisor (HS)– 1
Position Status: Full-time, Regular
Duty Station: Save the Saptari and assigned area
Reports to: Field Officer-SHN-Save the Saptari of the Samunnati Program

**Job Responsibilities:**

- Implement the project in line with the approved project with close support from Health & Nutrition team and ensure quality results.
- Assist on timely planning, implementation, regular monitoring, evaluation and documentation /reporting of the project.
- Liaise with government counter parts like Municipality, Schools and Health Facilities and ensure the good and functional coordination with local governments and other stakeholders to create enabling environment.
- Support to improve SHNsituation and develop collaboration with local government to create synergies and deliver better results
- Coordinate closely with other projects and team in the impact areas so as integrate and address the issues of SHN
- Supervise the CMs, manage their performance and provide timely feedback in necessary.
- Support on design, test and finalize health Facilities assessment tools in close consultation with FO-SHN and H&N team.
- Support to conduct/facilitate need assessment process at health facilities level.
- Support on the quality planning, implementation and monitoring of program in impact areas.
- Support to statistical section for municipal level progress monitoring and trend analysis.
- Support to Schools/HFs while implementing SHN/ASRH program.
- Plan, conduct, follow up and monitor maternal and newborn health related training, orientation, meeting etc.

**Requirements:**

- Candidate should complete intermediate in Nursing Health or related field.
- At least 2 year in leading and managing SHN projects and programs will be given priority.
- Higher degree of taking initiatives and has ability to work independently
- Ability to work in a complex environment with multiple tasks, able to work in short deadlines with intense pressure
- Strong interpersonal communication and coordination skills
- Ability to prepare reports and documents in English and Nepali and perform communication with visitors in good manner
- People having two-wheeler driving license will be added advantage

**Assignment:** 25% Office based works including information updates, reporting and database management and 75% Field based work including assurance of program quality as per basis of set standards and field visit & supervision (may modify as upon program requirement).

***Safeguarding:***

*Save the Saptari adheres Safeguarding Policy, including its Child Safeguarding and Global Anti-Harassment Policy, with high importance and commits rigorous procedure to ensure all our personnel and programs are safe for children. All candidates will be, therefore, subject to strict background checks. We need to keep children safe so our selection process reflects our commitment to the protection of children from abuse.*

*Age Bar: 20 – below 50 years*

**To Apply**

Please submit updated CV with at least 2 referees, Application Letter with Position and a Current Passport size photo on

**E-mail: Vacancy@savethesaptari.org.np**

**Before 05:00 PM;11July, 2022**

**Female, Dalit, Janjati, Madeshi, Unreached/Marginalized Youths and Locals are encouraged to apply.**

*Only shortlisted candidates will be called for the further selection process. Canvassing at any stage of the process shall lead to automatic disqualification. The right to reject and select the application shall remain to the organization.*

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh

MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
**Phone :** 031-533774 / **Mo. No :** 9819721526, 9852820734

## विश्व समाचार

# चीनद्वारा क्यानडालाई हङकङको मामिलामा हस्तक्षेप नगर्न आग्रह

ओटावा क्यानडो, २० असार, (रासस-एएनआई) ।

क्यानेडेली विदेशमन्त्री मेलानी जोलीले चीनले हङकङको स्वतन्त्रता दबाउँदै गएको दाबी गरेपछि बेइजिङले ओटावालाई हङकङको मामिलामा हस्तक्षेप नगर्न आग्रह गरेको छ । हङकङको चिनियाँ शासनमा फर्किएको २५औं वार्षिकोत्सवको अवसरमा ओटावास्थित चिनियाँ दूतावासले विज्ञप्तिमार्फत बाह्य शक्तिहरूले यस्ता विषयमा "गैरजिम्मेवार टिप्पणी गर्न नहुने बताएको छ । "हङकङ मामिला पूर्णतया चीनको आन्तरिक मामिला हो र कुनै पनि बाह्य शक्तिहरू गैरजिम्मेवारपूर्ण टिप्पणी गर्ने स्थितिमा छैनन् । क्यानाडा र हङकङ बीचको "गहिरो सम्बन्ध" छ तर हङकङको मामिलामा हस्तक्षेप गर्ने बहाना यो बन्न सक्दैन," विज्ञप्तिमा भनिएको छ ।

"हामी फेरि एक पटक क्यानाडाली पक्षलाई कानुनको शासनको सम्मान गर्न, चीनको सार्वभौमसत्ता र एकताको सम्मान गर्न र हङकङको मामिलामा र चीनको आन्तरिक मामिलामा कुनै पनि रूपमा हस्तक्षेप बन्द गर्न आग्रह गर्दछौँ । अन्यथा चिनियाँ पक्षबाट कडा प्रतिक्रियाको सामना गर्नेछ, "विज्ञप्तिमा उल्लेख गरिएको छ । बिहीबार, जोलीले एक विज्ञप्तिमा भनेकी छन् क्यानाडाको हङकङसँग प्रत्यक्ष सम्बन्ध छ । अनुमानित रूपमा ३०००, ००० क्यानाडालीहरू हङकङमा बस्छन् र त्यहाँ १०० भन्दाबढी क्यानाडाली कम्पनीहरू सञ्चालित छन् । "दोस्रो विश्वयुद्धमा हङकङमा क्यानाडालीहरूले भूमि युद्ध लडेका थिए । आज करिब ३००, ००० क्यानाडेलीहरू हङकङमा बस्छन् । हङकङ पनि क्यानाडाको सबैभन्दा महत्वपूर्ण द्विपक्षीय व्यापर सम्बन्ध भएको देश मध्येको एक हो । व्यापार र लगानी साझेदारहरू, यस क्षेत्रमा १०० भन्दा बढी उल्लेखनीय क्यानाडाली कम्पनीहरूको उपस्थितिबाट यसको पुष्टि भएको देखिन्छ । यी प्रत्यक्ष सम्बन्धहरू र हामीले साझा गर्ने विश्वव्यापी मूल्यहरूले हाम्रो समाजलाई समृद्ध बनाउँछ र हामीलाई एकताबद्ध गर्छ, "उनले भनिन् ।

तर जोलीले हङकङमा राष्ट्रिय सुरक्षा कानुन लागू भएपछि विगत दुई वर्षदेखि वाक स्वतन्त्रता र वैकल्पिक विचारको शान्तिपूर्ण अभिव्यक्तिलाई दबाइएको दाबी गरेका छन् । "हामी हङकङ र चिनियाँ केन्द्रीय अधिकारीहरूलाई २५ वर्ष पहिले स्वेच्छाले गरेका अन्तरराष्ट्रिय दायित्वहरू अनुसार काम गर्न आह्वान गर्दछौं । आधारभूत कानून अन्तर्गत प्रदान गरिएको उच्च स्तरको स्वायत्तता र कानुनको शासनको सम्मान गर्ने र मानव अधिकार र मौलिक स्वतन्त्रतालाई कायम राख्ने चीनको प्रतिबद्धता हङकङको स्थायित्व र समृद्धिका लागि आज पनि त्यति नै आवश्यक छ जसरी सन् १९९७ मा प्रतिबद्ध थियो । भोलि र आगामी २५ वर्ष र त्यसपछिका लागि पनि यस्तै रहनेछ परराष्ट्रमन्त्रीले उल्लेख गरेकी छन् । ।

जुलाई १, १९९७ मा हङकङ १९८४ को चीन-ब्रिटिश संयुक्त घोषणापत्र मा तोकिएको शर्तहरु अन्तर्गत बेलायतबाट जनवादी गणतन्त्र चीनलाई हस्तान्तरण गरिएको थियो। संयुक्त घोषणाले हङकङमा मौलिक अधिकार, उच्च स्तरको स्वायत्तता र "एक देश, दुई प्रणाली" को व्यवस्था गरेको छ । अन्तर-संसदीय गठबन्धन चीन अनुसार "२५ वर्ष पछि आज हङकङ अब हामीले एक पटक मान्यता दिएको देश रहेन जुन ३०, २०२० मा लागू गरिएको कठोर राष्ट्रिय सुरक्षा कानून, असहमतिलाई दण्ड दिन, विरोध प्रदर्शन र अभिव्यक्ति स्वतन्त्रतामा कटौती गर्न र हङकङको स्वायत्तता कम गर्न प्रयोग गरिएको छ । कानून लागू भएदेखि, कम्तीमा १८३ जनालाई गिरफ्तार गरिएको छ र ११३ व्यक्तिहरूलाई अभियोग लगाइएको छ । यसैगरी ५० भन्दा बढी नागरिक समाज सङ्गठनहरू विघटन गर्न बाध्य पारिएको छ । थुप्रै मिडिया आउटलेटहरू बन्द गरिएका छन् ।

# एकै दिनमा संक्रमितको संख्या सोह्र हजार भन्दा बढी

नयाँदिल्ली, २० असार (रासस/सिन्ह्वा) ।

आइतबार मध्यराति अर्थात २४ घण्टाको समयावधिमा भारतमा कोरोना भाइरसबाट थप १६ हजार १३५ सङ्क्रमित भएका छन् । हाल भारतमा कोरोनाका कुल सङ्क्रमितको सङ्ख्या चार करोड ३५ लाख १८ हजार ५६४ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सोमबार जानकारी दिएको छ ।

२४ घण्टाको समयावधीमा कोरोना सङ्क्रमणमा २४ को मृत्यु भएको थियो । कोरोना शुरु भएबाट हालसम्म यस महामाहरीको कारण पाँच लाख २५ हजार २२३ को मृत्यु भएको छ । हाल भारतमा एक लाख तेह्र हजार ८६४ सक्रिय सङ्क्रमित रहेका छन् । गत केही दिनयता सक्रिय सङ्क्रमितको सङ्ख्या एक लाखभन्दा भएको छ । पछिल्लो एक दिनमा १३ हजार ९५८ कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन् । योसँगै भारतमा अहिलेसम्म सङ्क्रमणमुक्त भएकाले कुल सङ्ख्या चार करोड २८ लाख ७९ हजार ४७७ पुगेको छ । कोरोना भाइरस निको हुने यो दर ९८.६१ प्रतिशत रहेको छ ।

भारतमा सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो । सो समयदेखि हालसम्म एक अर्व ९६ करोड ८६ लाख डोजभन्दा बढी खोप लगाइएको छ । यहाँ कोरोना सङ्क्रमण शुरु भएबाट हालसम्म ८६ करोड १० लाख भन्दा बढीको कोरोना भाइरस परीक्षण भएको बताइएको छ ।

# प्रथम महेन्द्र नारायण निधी कप सप्तरीले जित्यो



**दैनिक समाचारदाता**
**राजविराज, २० असार ।**

राजविराजमा संचालित प्रथम महेन्द्र नारायण निधी प्रदेश स्तरिय टि-ट्वान्टी कप क्रिकेट प्रतियोगिताको उपाधी सप्तरीले जितेको छ ।

राजविराजस्थित पविमाविको खेल मैदानमा सोमबार सम्पन्न फाइनल खेलमा सप्तरीले सिरहालाई ६ विकेटले पराजित गर्दै उक्त उपाधी जितेको हो ।

१५ ओभरको सम्पन्न फाइनल खेलमा टस जितेर ब्याटिङ रोजेको सिरहाले सबै विकेट गुमाई ९१ रन मात्र बनाउन सक्यो । उक्त योगफलका लागि रुपेश सिंह २६, दिपेश दास २० र अफरुद्धिनले १२ रनको योगदान दिएका थिए ।

९२ रनको बिजयी लक्ष्य लिएर मैदानमा उत्रेको सप्तरीले १० दशमलब ३ ओभरमा ४ विकेटको क्षतिमा प्राप्त गऱ्यो । सप्तरीका लागि रोहन बिकले सर्वाधिक ३१, राहुल मण्डल २१, महबुब आलम १६ (अविजित) र आशिष झाले १० रनको योगदान दिए । तीन विकेट समेत लिए वापत सप्तरीका महबुब आलम फाइनल खेलको म्यान अफ द म्याच घोषित भए ।

क्रिकेट संघ सप्तरीका अध्यक्ष आयुष श्रेष्ठको अध्यक्षतामा आयोजित पुरस्कार बितरण समारोहमा प्रमुख अतिथि नेपाली काँग्रेसका केन्द्रिय सदस्य दिनेश कुमार यादव, क्रिकेट संघका केन्द्रिय कोषाध्यक्ष रोशन सिंह, प्रदेश अध्यक्ष हिरा भगत, प्रदेश उपाध्यक्ष सुनिल महासेठ, प्रदेश सदस्य सतिश सिंह लगायतले पुरस्कार बितरण गरे ।

जिल्ला क्रिकेट संघ सप्तरीको आयोजना तथा मधेश प्रदेश क्रिकेट संघको समन्वयमा आयोजित उक्त प्रतियोगितामा मधेश प्रदेशका ८ वटै जिल्लाका टिमको सहभागिता रहेको थियो ।

# प्रथम राष्ट्रिय महिला कबड्डी प्रतियोगिताको पहिलो खेलमा सप्तरी पराजित

**दैनिक समाचारदाता**
**राजविराज, २० असार ।**

प्रथम राष्ट्रिय महिला आमन्त्रण कबड्डी प्रतियोगिता अन्तरगत सोमबार भएको उद्घाटन खेलमा सप्तरी पराजित भएको छ ।



सोमबारदेखी राजविराजमा सुरु भएको उक्त प्रतियोगितामा सुनसरीले सप्तरीलाई पराजित गरेको हो ।

राजविराज ८ स्थित राधाकृष्ण मन्दिरको प्राङ्गणमा सुरु भएको उद्घाटन खेलमा सुनसरीले सप्तरीलाई ४३-४२ को झिनो अन्तरले हराएको हो ।

जिल्ला कबड्डी संघको आयोजना तथा अखिल नेपाल कबड्डी संघको समनवयमा सुरु भएको प्रतियोगिताको राजविराज नगरपालिकाका प्रमुख भिमराज यादवले उद्घाटन गरे ।

उद्घाटन गर्दै प्रमुख यादवले यस्ता प्रतियोगिताले खेल क्षेत्रको विकास मात्र नभई खेलाडीको विकासका लागि समेत टेवा पुग्ने बताए । उनले खेलकुदको विकासका लागि आफूले साधनश्रोतले भ्याएसम्म सहयोग गर्ने प्रतिबद्धता समेत जनाए ।

प्रतियोगितामा घरेलु टोली सप्तरीका साथै सुनसरी, झापा, मोरङ, उदयपुर, धनुषा लगायत ६ टिमको सहभागिता रहेको अखिल नेपाल कबड्डी संघका कोषाध्यक्ष समेत रहेका प्रतियोगिता मुल आयोजन तथा व्यवस्थापन समितिका संयोजक अरबिन्द झाले जानकारी दिए ।

जिल्ला कबड्डी संघका अध्यक्ष धिरेन्द्र बर्माले प्रतियोगिता असार २२ गते सम्म चल्ने जानकारी दिदै प्रतियोगिताका बिजेता र उपबिजेताले नगद र ट्रफि पाउने तथा विभिन्न विद्यामा समेत उत्कृष्ठ खेलाडीले पुरस्कार पाउने जनाए ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

## वर्षा तथा बाढीको समयमा सर्तकता अपनाऔं

- खाना खानु अघि र पछि मिचीमिची साबुन पानीले हात धुने बानी बसालौं ।
- शौच गरेपछि वा बच्चाको दिशा धुइसकेपछि साबुन पानीले हात धुने गरौं ।
- दुषित वा बाढीको पानी नखाऔं ।
- पानीलाई शुद्धिकरण गरी मात्र खाऔं ।
- फलफुल तथा सागसब्जी सफा पानीले पखालेर मात्र खाऔं ।
- चिल्लो वा तारेको खानेकुरा सकभर नखाऔं ।

**मधेश प्रदेश सरकार**
**आम सञ्चार प्राधिकरण**
**जनकपुरधाम**

## जंगली च्याउहरु विषालु पनि हुनसक्छन्, त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं।

## खेती गरेर उमारेका च्याउ मात्र खाने गरौं। अमुल्य जीवन सुरक्षित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*